# हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि.
# Himal Dolakha Hydropower Company Ltd.
कालोपुल-७, काठमाडौं, नेपाल

फोन नं.: ०१-४४६२८४४


च० नं० ०६/०७९/८०

मिति : २०७९/०५/१०

श्री नेपाल स्टक एक्सचेन्ज लि.

सिंहदरवारप्लाजा, काठमाडौं ।

**विषय : जानकारी गराईएको बारे ।**

उपरोक्त विषयमा यस हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडको मिति २०७९/०५/१० गते दिउँसो ३:०० बजे बसेको संचालक समितिको बैठकले कम्पनीको मिति २०७९/०५/०३ गते गणपूरक संख्या नपुगी स्थगित भएको १३औं र १४औं वार्षिक साधारण सभा मिति २०७९/०५/१९ गते आईतबार बिहान ११:३० बजे लिसारा बैंक्वेट हल, नक्साल, काठमाडौमा पुनः बस्ने निर्णय गरेको व्यहोरा अनुरोधका साथ जानकारी गराउँदछौं ।

**संलग्न :**

१) संचालक समितिको निर्णय पाना-१

Himal Dolakha Hydropower Company Ltd.

वेदप्रकाश विष्ट

(प्रशासन तथा लेखा प्रमुख)

आज मिति २०७९ साल भाद्र १० गते शुक्रबार दिउँसो ३:०० बजे यस हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडको संचालक समितिको बैठक कम्पनीका अध्यक्ष श्री रञ्जना दहालको अध्यक्षतामा कम्पनीको रजिष्टर्ड कार्यालयमा बसी निम्न प्रस्तावहरु उपर छलफल भई निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति:**

१) श्री रञ्जना दहाल — संचालक, अध्यक्ष

२) श्री निरा श्रेष्ठ — संचालक

३) श्री मनु श्रेष्ठ — संचालक

**छलफलका विषयहरु :**

१) पुनः साधारण सभा बोलाउने बारे ।

२) विविध ।

**निर्णयहरु :**

१) प्रस्ताव नं. १ उपर छलफल हुँदा यस कम्पनीको १३औं र १४औं वार्षिक साधारण सभा मिति २०७९/०५/०३ गतेको लागि तोकिएकोमा उक्त दिन कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम शेयरधनीहरुको उपस्थितिको लागि तोकिएको गणपूरक संख्या नपुगी सभा स्थगित भएको हुँदा उक्त स्थगित भएको वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा गर्ने निर्णय गरियो । कम्पनीका शेयरधनी महानुभावको जानकारीको लागि वार्षिक साधारण सभा सम्बन्धी सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्ने निर्णय गरियो । साथै उक्त साधारण सभाको लागि आवश्यक तयारी गर्न कम्पनी व्यवस्थापनलाई निर्देशन प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

| | |
|---|---|
| **सभा हुने मिति** | : २०७९/०५/१९ गते आईतवार |
| **स्थान** | : लिसारा बैंक्वेट हल, नक्साल, काठमाडौं । |
| **समय** | : बिहान ११:३० बजे |

२) विविध शिर्षक अन्तर्गत आज छलफलका अन्य विषयहरु नभएको हुँदा अध्यक्षद्वारा बैठक समापन भएको जानकारी गराईयो ।